बैठक संख्या-७९

समय- बिहान ८:०० बजे

आज मिति २०८३ जेठ २७ गते बुधबारका दिन बिर्तामोड नगरपालिकाको कार्यपालिका बैठक नगर प्रमुख श्री पवित्रादेबी महतारा प्रसाईज्यूको अध्यक्षतामा निम्न वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी निम्न विषयमा छलफल गरियो ।

**उपस्थिती**

| सि.न. | पद | नाम,थर | हस्ताक्षर |
|---|---|---|---|
| १) | नगर प्रमुख | श्री पवित्रादेवी महतारा प्रसाई | |
| २) | नगर उप–प्रमुख | श्री नगेन्द्र प्रसाद संग्रौला | |
| ३) | १ नं. वडा अध्यक्ष | श्री अग्नी प्रसाद पाण्डे | |
| ४) | २ नं.वडा अध्यक्ष | श्री किशोर कुमार पौडेल | |
| ५) | ३ नं.वडा अध्यक्ष | श्री मदन बुढाथोकी | |
| ६) | ४ नं.वडा अध्यक्ष | श्री राहुल कुमार शर्मा | |
| ७) | ५ नं वडा अध्यक्ष | श्री रोहित प्रसाईं | |
| ८) | ६ नं.वडा अध्यक्ष | श्री सुर्य प्रसाद कन्दङ्गवा | |
| ९) | ७ नं.वडा अध्यक्ष | श्री कृष्ण प्रसाद खरेल | |
| १०) | ८ नं.वडा अध्यक्ष | श्री अजय कार्की | |
| ११) | ९ नं.वडा अध्यक्ष | श्री हरि प्रसाद चौलागाई | |
| १२) | १० नं.वडा अध्यक्ष | श्री दुर्योधन गुरुङ | |
| १३) | कार्यपालिका सदस्य | श्री यमुना देवी आचार्य | |
| १४) | कार्यपालिका सदस्य | श्री तिला गौतम | |
| १५) | कार्यपालिका सदस्य | श्री निर्मला देवी सुनार | |
| १६) | कार्यपालिका सदस्य | श्री लक्षिमा खतिवडा | |
| १७) | कार्यपालिका सदस्य | श्री संगिता सिवा | |
| १८) | कार्यपालिका सदस्य | श्री जगतबन्धु राजबंशी | |
| १९) | कार्यपालिका सदस्य | श्री सिता ढुङ्गाना बि.क. | |
| २०) | कार्यपालिका सदस्य | श्री शर्मिला राजवंशी | |
| २१) | सदस्य सचिव (प्र.प्र.अ.) | श्री सागर मिश्र | |

**निर्णय नं.१-** यस भन्दा अघि भएको कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयन प्रगति सन्तोषजनक रहेको समिक्षा गरियो ।

**निर्णय नं २-** बिर्तामोड नगरपालिकाको दोस्रो नगर सभाको नवौं अधिवेशनको पहिलो बैठक मिति २०८३।०३।१० गते बुधबार विहानको ११ बजे नगरपालिकाको सभाहलमा बस्ने निर्णय गरियो । साथै उक्त दिन नगरकार्यपालिकाको कार्यालय र वडा कार्यालयबाट प्रवाह हुने अत्यावश्यक बाहेकका सम्पूर्ण सेवा बन्द गर्ने समेत निर्णय गरियो ।

**निर्णय नं ३-** बिर्तामोड अर्जुनधारा सिमाना महानन्द चोकबाट मुक्तिचोक हुँदै देवनिया सम्मको सडकको Right of Way मा अनाधिकृत रुपमा निर्माण भएका संरचनाहरु हटाउन उक्त सडकको केन्द्र भागबाट दुवैतर्फ १५/१५ मिटर Right Of Way भित्र पर्ने जगाको नापजाँच गरि रेखाङ्कन गर्ने कार्य सकिएकाले उक्त सडकको केन्द्र भागबाट दुवैतर्फ १५/१५ मिटर Right Of Way मा परेका संरचनाहरु खालि गर्न ३५ दिने सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं ४- विविध**

क. विश्व वैंकको आर्थिक सहयोगमा यस विर्तामोड नगरपालिका वडा नं. ६,७ र ८ मा निर्माणाधिन Upgrading of Buttabari- Pyakurel Chowk Road निर्माण ठेक्का नं.NP-DUDBC-273141-CW-REB को मिति २०८३।०२।२३ गते सम्म म्याद थप भएको छ । सो परियोजनाको परामर्श दाताको प्रत्यक्ष निगरानीमा आयोजना संचालन गर्नपर्ने भएको हुनाले परामर्श ठेक्का नं NP-DUDBC215996 - CQ-QCBS को परामर्शदाता श्री डि.बि. मल्टी-सिल्ट-गंगा-रिर्डाक-उदय जे.भी. नयाँ बानेश्वर, काठमाडौं सँग सम्झौता गरि आयोजना संचालनमा रहेको छ । निर्माण व्यवसायीको म्याद थप भएको हुनाले परामर्शदाताको समेत म्याद थप गर्न अपरिहार्य भएको हुनाले सो सम्बन्धमा उक्त परामर्शदाताको मिति २०८३।०३।१६ गते सम्म म्याद थप गर्ने निर्णय गरियो । म्याद थप गरिए पछि सम्झौतामा हुने भेरिएसनको प्राप्त प्राविधिक प्रतिवेदन अनुसार उक्त आयोजनाको सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११८ विवरणहरु खुलाईएको हुँदा सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५४ को दफा ३ बमोजिम सुरुको ठेक्का रकम रु २,३०,४१,५९४।५९ अनुपातमा भेरिएसन आदेशको ठेक्का रकम रु ३,२९,९३,९९१।११ र ४३।१९ प्रतिशत बढी रकम रु ९९,५२,३९६।५२ बढीको भेरिएसन गरी आदेश जारी गर्ने निर्णय गरियो ।

पवित्रादेवी महतारा प्रसाई
नगर प्रमुख

सागर मिश्र
प्रमुख प्रशासकीय अधिकृत

बिर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड झापा
कोशी प्रदेश नेपाल

ख. बिर्तामोड नगरपालिका वडा नं. ४ स्थित रहेको सुन्दर समुदायिक प्रहरी सेवा केन्द्रको संस्थागत नाममा रहेको जग्गा सुरक्षा गर्ने सम्बन्धमा विगत ३ वर्ष देखि विभिन्न झुटा मुद्धा लगाई आर्थिक भार समेत पर्न गएकोले हाल सम्म भएको अदालती खर्च रु १, ८७,६५० (रु एक लाख सतासी हजार छ सय पचास) उक्त सुन्दर सामुदायिक प्रहरी सेवा केन्द्रको नाममा भुक्तानी गर्ने निर्णय गरियो ।

ग. बिर्तामोड नगरपालिकाको घर नक्सा डिजिटाईजेशन गरे बापत फिनिक्स सोलुसन काठमाडौंलाई रु ४,९५,०५३।०० (रु चार लाख पंचानब्बे हजार त्रिपन्न रुपैंया मात्र ) भुक्तानी गर्ने निर्णय गरियो।

घ. बिर्तामोड नगरपालिका वडा नं. ६ बस्ने सविना लिम्बुको मकै बालीमा मिति २०८२।०२।१७ गते जंगली हात्तिले क्षति पुर्याएको र नीजको आर्थिक अवस्था कमजोर भएकाले निजलाई क्षतिपूर्ति बापत रु, २५,०००।– (अक्षेरेपि रु पच्चीस हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो।

ङ. बिर्तामोड नगरपालिका वडा नं. १ र ७ को देहायका योजना तथा कार्यक्रमहरु संशोधन गर्ने निर्णय गरियो।

| वडा | सि.नं. | योजना तथा कार्यक्रम | विनियोजित रकम | बाँकी रकम | संशोधन हुने योजना | रकम |
|---|---|---|---|---|---|---|
| ७ | ६७५ | वडाका स-साना योजना तथा सडक मर्मत सुधार | रु १२,००,०००।- | ११,००,६४९।– मध्येबाट | अब्यवस्थित विद्युत पोल व्यवस्थापन(स्थानान्तरण) | रु १,२५,०००।- |
| | | | | | वडाका विभिन्न स्थानमा पानी निकासका लागि ह्युमपाईप जडान | रु १,२५,०००।- |
| | | | | | श्रीजंगा टोल देवीथान व्यवस्थापन | रु ५०,०००।- |
| १ | ४२१ | विद्युत पोल स्थानान्तर | ८०००० | | वडामा आवश्यक फर्निचर तथा विद्युतिय सामाग्री खरिद एवं वडा व्यवस्थापन | रु १५००००।- |
| १ | ४३९ | सडक बत्ती मर्मत १० वटा टोल | ७०००० | | | |
| १ | ४२२ | विपद् व्यवस्थापन/जेसिभिको ईन्धन तथा भाडा/ग्राभेल | ३००००० | | बि.न.पा. १ का अति जिर्ण सडकमा रोलर ग्रेडर तथा डुवान क्षेत्रमा पैनी नाली सरसफाई गर्न डोजर प्रयोग | ३००००० |

सागर मिश्र
प्रमुख प्रशासकीय अधिकृत

पवित्रादेवी ... एसाई
नगर प्रमुख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | ३३ | नमूना टोल विकास संस्था कन्चनजंघा मार्ग उत्तरतर्फ नाला निर्माण | ५००००० | | कालिका मार्गको रोड नं ४ ओम विमलीको घर जाने तथा छत्र न्यौपानेको घर दक्षिणको बाटोमा पेवर्स तथा स्तरोन्नति | |

च. बिर्तामोड नगरपालिकाको फोहोर संकलन तथा व्यवस्थापनको लागि निराकार सरसफाई सेवा प्रा.लि कागेश्वरी मनोहरा ८ काठमाडौंसंग सम्झौता भई कार्यान्वयन भईरहेकोमा उक्त प्रा.लि संग भएको सम्झौता अवधि मिति २०८३ बैशाख १५ मा सकिएकोले नगरपालिकाबाट अर्को निर्णय नभएसम्मका लागि उक्त सरसफाईलाई प्रा.लि लाई साविककै शर्त बमोजिम कार्य गर्ने गरि कार्यादेश दिने निर्णय गरियो।

छ. बिर्तामोड नगरपालिकाको राजश्व परामर्श समितिको मिति २०८३ साल जेठ ३१ गतेको बैठकका निर्णयहरु बारे जानकारी प्राप्त भयो। उक्त निर्णयहरुलाई आवश्यकता अनुसार कार्यान्वयन गर्दै जाने निर्णय गरियो।

ज. बिर्तामोड नगरपालिका भित्र रहेका बाटोहरुमा विस्कुन सुकाउने,गाईबस्तु बाध्ने, निर्माण सामाग्रीहरु भण्डारण गर्ने जस्ता क्रियाकलापहरुले सडक दुर्घटनाहरुको जोखिम बढ्ने भएकाले यस्ता क्रियाकलाप नगर्न सार्वजनिक सूचना जारी गर्ने निर्णय गरियो।

झ. आ.व. ०८२/०८३ को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत वडा नं ८ को वडा स्तरीय योजना सि.नं. ७०८ बिर्तामोड खानेपानी समितिसंग सहकार्यमा खानेपानी जडान शिर्षकमा रु १०,००,०००।– ( रु दश लाख) विनियोजन भएकोमा उक्त बजेट विर्तामोड साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्था विर्तामोड ५ को नाममा एकमुष्ठ अनुदान स्वरुप उपलब्ध गराई उक्त खानेपानी संस्था मार्फत खानेपानी विस्तारको कार्य गर्ने निर्णय गरियो।

ञ. बिर्तामोड नगरपालिका वडा नं १ देवि पंचकन्या टोलमा सम्बन्धित टोल विकास विकास संस्थाको लागत साझेदारीमा सि.सि. क्यामरा जडान गर्न चालू आ.व. को स्वीकृत वजेट तथा कार्यक्रम अन्तर्गत नगरका विभिन्न क्षेत्रमा सि.सि. क्यामेरा जडान शिर्षकबाट रु ३,००,०००।- (रु तीन लाख) विनियोजन गर्ने निर्णय गरियो।

सागर मिश्र
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख